


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५२०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क ६२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७७ चैत ३ गते मंगलबार ❑ 16 March. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## एमालेलाई एकताबद्ध बनाउन साझा अवधारणा बनाइने

**रासस**
**काठमाडौं, २ चैत**

नेकपा (एमाले)लाई एकताबद्ध बनाउन साझा अवधारणा निर्माण गरिने भएको छ। एमाले मुख्यालय धूम्रबाराहीमा पार्टीका अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओली र नेता माधवकुमार नेपाल पक्षबीच पछिल्लो पटक देखिएको तिक्तता मेटाउन बसेको बैठकले पार्टीमा साझा धारणा निर्माण गरेर अगाडि बढ्ने सहमति भएको हो।

एमालेका प्रवक्ता प्रदीपकुमार ज्ञवालीले सोमबारको छलफल निष्कर्षमा नपुगे पनि सकारात्मक भएको बताए। उनले पार्टी एकताबद्ध बनाउन नेताबीच निरन्तर छलफल हुने जानकारी पनि दिए। "अबदेखि नेताहरू विभिन्न चरणमा बसेर छलफल गर्नुहुन्छ । आजको छलफलले साझा धारणा निर्माण गरेको छ", उनले भने, "यसको जगमा एमालेलाई एकताबद्ध बनाउँदै नयाँ गतिका साथ अगाडि लैजाने आधार सिर्जना गरेको छ।"

नेता ज्ञवालीले सर्वोच्च अदालतले एमाले ब्यूँताउने निर्णयलाई अवसरका रूपमा लिँदै पार्टीलाई सुदृढ बनाउँदै र देखिएका विवादलाई समाधान गर्दै जानुपर्नेमा बैठकमा जोड दिइएको बताए । "बलियो एमालेले मात्र अरू वामपन्थीलाई पार्टी एकतामा जोड्दै सिङ्गो देशलाई एकताबद्ध र नेतृत्व दिन सक्छ भन्नेमा साझा निष्कर्ष निकालेका छौँ", उनले भने । बैठकमा नेपाल पक्षले आफूविना बसेको गत फागुन २८ गतेको केन्द्रीय कमिटी बैठकले गरेका निर्णयमा असहमति जनाएको छ । प्रवक्ता ज्ञवालीले नेपाललगायत नेताहरूले फागुन २८ गते आफूहरूको उपस्थिति नभएको बैठकले गरेका निर्णयलाई स्थगन गर्न भन्नुभएको जानकारी दिए । "हामीले ती निर्णयमा पुनरवलोकन, सुधार र समीक्षा गर्नुछ भने छलफलबाट गर्न सकिन्छ भनेका छौँ", उनले भने, "फागुन २८ गतेको निर्णयलाई अर्को बैठकमा छलफल गर्न सकिने धारणा प्रधानमन्त्री ओलीले राख्नुभयो । बैठक बसिसकेको हुनाले फागुन २८ गतेको निर्णयलाई प्रतिष्ठाको विषय बनाएर जानु जरुरी छैन ।" उनले अर्को पक्षको यही चैत ४ र ५ गते गर्ने भनिएको भेलाले पार्टी एकतालाई बल नपुऱ्याउने जनाउँदै केन्द्रीय कमिटी बैठक आपसी परामर्शबाट तय गरौँ भनेर आफूहरूले भनेको स्पष्ट पारे । छलफलमा सहभागी नेता भीमबहादुर रावलले पार्टीलाई कसरी एकताबद्ध बनाएर लैजाने भन्ने विषयमा छलफल भए पनि कुनै निष्कर्ष ननिस्किएको छलफलपछि पत्रकारलाई जानकारी दिए । "फागुन २८ गते केन्द्रीय कमिटीले गरेका निर्णय औपचारिक नभएकाले हामीले मान्दैनौँ भन्यो तर उहाँहरूले त्यसलाई स्वीकार गर्नुभएन", नेता रावलले भने, "कुरा नमिलेपछि पुनः बैठक बस्ने भनिएको छ।"

उनले सर्वोच्च अदालतले नेपाल कम्युनिष्ट पार्टी (नेकपा) लाई मान्यता नदिई एमाले र नेकपा (माओवादी केन्द्र)लाई ब्युँताएपछि एमाले २०७५ साल जेठ ३ गतेभन्दा अगाडिकै स्थितिबाट पार्टी अगाडि बढ्नुपर्ने बताए । उनका अनुसार पार्टीलाई कसरी एकताबद्ध बनाउने भन्नेमा छलफल भएको छ । "एमालेको कुनै पनि फुट स्वीकार गर्दैनौँ । पार्टीलाई एकताबद्ध बनाएर सशक्तरूपमा अगाडि बढाउनेमा हामी दृढ छौँ", नेता रावलले भने, "तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) एक भएन, भएन, फेरि पनि एमालेलाई विभाजन गर्ने कुनै पनि क्रियाकलापका विरुद्धमा हामी छौँ ।" उनले पार्टीलाई एक बनाउनका लागि विधान, पद्धति र प्रणालीबाट पार्टी सञ्चालन हुनुपर्नेमा जोड दिए। उनले पार्टीको विवाद मिलाउन अहिले र यसअघि भएको निर्णय र गतिविधि स्थगन हुनुपर्ने माग पनि राखे । "फागुन २८ गते भएको निर्णय रद्द गर्ने हो भने हामीले बोलाएको चैत ४ र ५ गतेको राष्ट्रिय भेला पनि स्थगन गरेर साझा धारणाका साथ हामी अगाडि बढ्न तयार छौँ", उनले भने।

एमालेका अध्यक्ष ओलीले नेपाल पक्षको सहभागिताविना पदाधिकारी हेरफेर, प्रदेश कमिटीको कार्यविभाजन, माओवादी केन्द्रबाट आएका नेतालाई केन्द्रीय सदस्यमा मनोनयन र विधान संशोधन गरेपछि दुई समूहबीच तिक्तता पैदा भएको थियो । सोमबारको छलफलमा अध्यक्ष ओलीसहित महासचिव ईश्वर पोखरेल, नेता विष्णुप्रसाद पौडेल, ज्ञवाली, सुभास नेम्वाङ तथा वरिष्ठ नेता नेपालका तर्फबाट नेपालसहित नेता रावल, घनश्याम भुसाल र सुरेन्द्रप्रसाद पाण्डे सहभागी भएका थिए।

## तेज बहादुर गुरुङ गण्डकी प्रदेशको सदस्य सचिवमा नियुक्त

**पोखरापत्र संवाददाता**
**पोखरा, २ चैत**

तेज बहादुर गुरुङ गण्डकी प्रदेश खेलकुद परिषदको सदस्य सचिवमा नियुक्त भएका छन् । गुरुङलाई गण्डकी प्रदेश सरकारले आगामी ४ बर्षीय कार्यकालको लागि सदस्य सचिवमा नियुक्त गरेको हो।

आइतबार बसेको क्याविनेट बैठकले उक्त निर्णय गरेको प्रदेश सरकारले जनाएको छ। प्रदेश सरकार अर्न्तगत सामाजिक विकास मन्त्रालयले यही फागुन २६ गतेसम्मको लागि एक हप्ताको समय सिमा राखेर प्रदेश खेलकुद परिषदको सदस्य सचिवमा तोकिएको योग्यता पुगेका इच्छुक उमेदवारको निवेदन दिन आव्हान गरेकोमा गुरुङ र पूर्व भलिवल खेलाडी एवं पर्यटन व्यवसायी नवराज अधिकारी गरी दुई जनाको मात्र आवेदन परेको थियो।

सदस्य सचिव छनौटका लागि गण्डकी प्रदेश सरकारले सामाजिक विकास मन्त्री नरदेवी पुनको संयोजकत्वमा ३ सदस्य समिति गठन गरेको थियो । समितीको सदस्यमा सामाजिक विकास मन्त्रालयका सचिव विनोद बहादुर कुवर र खेल विज्ञ दिल बहादुर गुरुङ रहेका थिए । समितिले सदस्य सचिवको लागि गत फागुन २६ गते नै प्रदेश सरकार समक्ष सिफारिस गरेको समितिका सदस्य



गुरुङले जनाए। नेपाल ओलम्पिक कमिटिका उपाध्यक्ष, दक्षिण एसियाली ह्याण्डवल महासंघका उपाध्यक्ष, भूतपूर्व खेलाडी मञ्च नेपालका अध्यक्ष समेत रहेका गुरुङ ह्याण्डवल खेलका पूर्व राष्ट्रिय टिमका कप्तान, प्रशिक्षक समेत रहेका गुरुङले ७ बुंदे आफ्नो कार्ययोजना सहित आवेदन दिएका थिए । २०१९ असोज २५ गते पोखरा १६ स्थित अर्मलाडाँडामा जन्मेका गुरुङ २०४० सालमा पोखरामा भएको बृहत खेलकुदमा ह्याण्डवलमा स्वर्ण पदक हात पार्न सफल भएका थिए । हाल पोखरा १ भिमकालीपाटन बस्दै आएका गुरुङ मित्र राष्ट्र जोड्नमा सन् १९८८ मा भएको चौथो एसियन च्याम्पियनशिप सहभागि भएका थिए भने ४ बर्षसम्म नेपाली ह्याण्डवलको कप्तान सम्हालेका थिए। २६ वटा राष्ट भ्रमण गरेका गुरुङले राखेपबाट ९ बर्ष प्रशिक्षकको भूमिका निर्वाह गरेका थिए। अगेंजी र राजनैतिक शास्त्रमा त्रिभुवन विश्व बिद्यालयबाट स्नातक तह (बि.ए.) उत्तीर्ण गरेका गुरुङले सन १९८५/०८६ मा डिप्लोमा कोर्षमा स्वर्ण पदक हात पार्ने पहिलो नेपाली हुन् । गुरुङ पश्चिमाञ्चल क्षेत्रिय खेलकुद विकास समितिको पूर्व कोषाध्यक्ष, पोखरा रंगशाला पर्खाल निर्माण समितिको सचिव लगायतका धेरै संघ संस्थामा आबद्ध भएका छन्।

उत्कृष्ट खेलाडी उत्पादनमा जोड जसमा ७ वटा कार्यक्रमहरु पेश गरेका गुरुङले सबैको लागि खेलकुदमा ६ वटा कार्यक्रम समेटेका छन्। त्यसै गरी शिक्षा र खेलकुदमा ५ कार्यक्रम, श्रोत परिचालन जसमा ६ कार्यक्रम, सुसासन, क्षमता अभिबृद्धि र पूर्वाधार निर्माण जस्ता कार्यक्रमहरु आफ्नो कार्ययोजनामा पेश गरेको पूर्व राष्ट्रिय खेलाडी गुरुङले जनाए। गाँउ पर्यटन प्रबर्द्धन मञ्च नेपाल गण्डकी प्रदेशका अध्यक्ष एवं पूर्व क्षेत्रिय स्तरका भलिवल खेलाडी अधिकारीले ३० बुंदे आफ्नो भावी कार्ययोजना समेत मन्त्रालयमा सदस्य सचिव पदको लागि आवेदन दिएका थिए। संघीय मोडल अनुसार पहिलो पटक प्रदेश खेलकुद परिषदको स्थापना हुन लागेको हो जसको सदस्य सचिव आवेदन परेका मध्य प्रदेश सरकारले उचित व्यक्तिको नियुक्ति गरेसंगै अन्य सदस्य पुनः नियुक्त हुने भएको छ।

## सामुदायिक वन गण्डकी प्रदेश परिषद् काहुँडाँडामा

**पोखरापत्र संवाददाता**
**पोखरा, २ चैत**

सामुदायिक वन उपभोक्ता महासङ्घ गण्डकी प्रदेशको प्रथम परिषद् यही चैत ७ गते पर्यटकीयस्थल काहुँडाँडामा हुने भएको छ।

पोखरा महानगरपालिका-११ स्थित काहुँअन्तर्गतका १० वटा सामुदायिक वन समूह एवं विभिन्न सङ्घसंस्थाको सोमबार सम्पन्न संयुक्त बैठकले काहुँको प्रचारप्रसारमा सहयोग पुग्ने विश्वासका साथ प्रदेश परिषद् गर्ने निर्णय गरेको हो।

परिषद भव्य, सभ्य र व्यवस्थित रुपमा सम्पन्न गर्न नारायणप्रसाद आचार्य संयोजक तथा सोमनाथ आचार्य, खेमराज आचार्य, हिराबहादुर केसी, नन्दलाल आचार्य र गिरधारी बराल सदस्य रहनुभएको भोजन तथा आवास व्यवस्थापन समिति गठन गरिएको छ । बैठकले मञ्च व्यवस्थापनमा सूर्यबहादुर कार्की, प्रचारप्रसारमा कुमारबहादुर क्षेत्री, खानेपानीतर्फ इन्द्रबहादुर खत्री, स्वागतमा अम्बिका आचार्यलाई संयोजक तोकेको छ।

प्रदेशअन्तर्गतका ११ जिल्लाबाट चैत ६ गते आउने पाहुनालाई साँझ एकै स्थानमा खानाको व्यवस्था गर्ने र एक आपसमा अनुभव साटासाट र आत्मियता अभिवृद्धिका लागि प्रत्येक उपभोक्ताले घरघरमा आवासको व्यवस्था गर्ने भोजन तथा आवास व्यवस्थापन समितिका संयोजक आचार्यले जानकारी दिए

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## अन्य दलको बुइ चढेर सत्तामा गइहाल्न हुँदैन: वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**पर्वत, २ चैत**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले अहिलेको अवस्थामा कांग्रेसलाई सत्तामा जानभन्दा व्यवस्थाको रक्षा गर्नु प्रमुख चुनौती रहेको बताएका छन् । सदरमुकाम कुश्माबजारमा सोमबार बिहान प्रेस युनियनले आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा नेता पौडेलले संविधान र संसद्माथि हुने हमलाको सामना गर्नु कांग्रेसको मुख्य दायित्व हुने बताए।

वरिष्ठ नेता पौडेलले कांग्रेस दोस्रो दल भएकाले प्रधानमन्त्रीविरुद्ध आफूले अविश्वास प्रस्ताव नलैजाने तर अरूले लगेमा साथ दिने स्पष्ट गरे । नेता पौडेलले विकृत राजनीतिको अन्त्यका लागि कांग्रेसले अहिलेको अवस्थामा नेकपा(माओवादी केन्द्र) र जनता समाजवादी पार्टीसँग मिलेर नयाँ सरकारका लागि पहल गर्नुपर्ने बताए।

"देशको हित गर्न कांग्रेस सरकारमा जान तयार हुनुपर्छ तर अन्य दलको बुइ चढेर सत्तामा गइहाल्न हुँदैन", पूर्वउपप्रधानमन्त्री पौडेलले भने, "अहिले सत्ताभन्दा पनि आफ्नो पार्टीलाई कसरी जनतासमक्ष लोकप्रिय बनाउने भन्नेमा लाग्नुपर्छ, कांग्रेस आन्तरिक किचलोमा फसेको छ, सबै मिलेर कांग्रेसलाई जनताको पहिलो पार्टी बनाउनुपर्छ।"

## विकासका कामलाई तीव्रता

**पोखरापत्र संवाददाता**
**पोखरा, २ चैत**

गण्डकी प्रदेश सरकारले सबैभन्दा अब्बल बन्ने लक्ष्यका साथ विकासका कामलाई तीव्रता दिएको छ । तीन वर्षदेखि सञ्चालित कार्यक्रमले नमूना प्रदेश बन्ने लक्षण देखिएको योजना आयोगका उपाध्यक्ष गिरिधारी शर्माले दाबि गरे।

यसका लागि राष्ट्रिय गौरवका आयोजनालाई पूर्णता, प्रदेश गौरवका आयोजनामा थप लगानी तथा वातावरण संरक्षणका अभियान चलाउने उनले बताए। बागलुङ, पर्वत र म्याग्दीका कानून व्यवसायीसँगको छलफलमा उहाँले विकासको नमूना बनाएर देशकै नमूना बन्ने योजनामा सफलता मिल्दै गएको समेत दाबी गरे । उनका अनुसार आगामी २०८७ सालसम्ममा गण्डकीले औसत आयु ८० वर्ष पुऱ्याउने, पाँच वर्षमुनिका बाल मृत्युदर २३ बाट ७ मा झार्ने, साक्षरतादर ९८ प्रतिशत पुऱ्याउने र बेरोजगारी घटाएर दुई प्रतिशतमा झार्ने अति महत्वकाङ्क्षी लक्ष्य राखिएको छ।

कूल गरिबी १८ प्रतिशत हुँदा गण्डकीमा १४ प्रतिशत मात्रै छ । विद्युत्को पहुँच शत्प्रतिशत जनतामा पुऱ्याउने र कृषिको उत्पादकत्व प्रतिहेक्टर पाँच टन पुऱ्याउने लगायतको लक्ष्य राखिएको छ। प्रदेशले आठवटा विकासका मेरुदण्ड बनाएको उनले बताए। तीमध्ये मुग्लिङ - दमौली, पोखरा- कुश्मा, बागलुङ -बुर्तिवाङ, कोरला -जोमसोम, बेनी -पाखेरा, भीमाद -दुम्कीवास हुँदै त्रिवेणी विकास लक्ष्य छ । यसैगरी अर्मादी सेतीवेणी मिर्मी देउघाटतर्फको शालिग्राम सांस्कृतिक विकासका काम पूरा गर्ने अवस्थामा पुगिसकेको छ । बेनीघाट, सिर्दिबास सामागाउँ रुइलाभञ्ज्याङ, पोखरा चक्रपथ र महानगर वरिपरिका स्याटलाइट शहरका रूपमा विकास गर्ने दोस्रो विकास लक्ष्य बनाएको उनले जानकारी दिए। सुनौली पोखरा सिद्धार्थ लोकमार्गलाई आर्थिक करिडोरका रूपमा विकास र चारवटा अन्तरराष्ट्रिय विमानस्थल बीचको बृहत्तर आर्थिक क्षेत्र निर्माण गर्ने योजना आयोगको छ। यसका लागि पोखरादेखि निजगढ, काठमाडौं र भैरहवा उडानसमेत शुरुआत भइसकेको छ । प्रदेश सरकार गठन भएपछि १३७ किमी सडक कालोपत्र र २९२ किमी ग्राभेल भएको तथ्याङ्क छ । त्यस्तै चालु वर्षभित्र २३७ किमी कालोपत्र गर्ने, ३४२ किमी ग्राभेल गर्ने योजना आयोगको छ।

"निर्वाचन क्षेत्र सडकअन्तर्गत चालु वर्ष ३५ वटा सडकको ३३६ किमी कालोपत्र र ३५ किमी स्तरोन्नति हुनेछ", उनले भने, "प्रादेशिक (क) वर्गका १२ सडक आयोजनामध्ये ७० किलोमिटर कालोपत्र र २२ किमी ग्राभेल भइरहेको छ।" गत वर्ष तीन खर्ब आठ अर्ब कूल ग्रार्हस्थ्य उत्पादन रहेको गण्डकीमा अहिले बढेर साढे तीन खर्ब पुगिसकेको उनले बताए। गण्डकीमा विद्युत्मा पहुँच भएका ८२ प्रतिशतबाट बढेर ८७ प्रतिशत घर पुगेका छन् । एक हजार १०५ घरमा ७५ प्रतिशत सहुलियतमा घरेलु सौर्य ऊर्जा प्रविधि जडान गरी सोलार बत्ती बालिएको बताइएको छ। 'एक घर एक खानेपानी' आयोजनामा पनि प्रदेशले उल्लेख्य सुधार गरेको छ। यसका लागि २४३ आयोजनाबाट ५५ हजार ६० घरमा निजी धारा जडान भइसकेको हो। आधारभूत खानेपानी सेवा पुऱ्याउने प्रदेश सरकारको लक्ष्य नजीक पुगेको उपाध्यक्ष शर्माको भनाइ छ। चालु वर्ष १२६ आयोजना निर्माणाधीन र ७६ वटा आयोजना मर्मतको काम भइरहेको छ।

जनता आवासतर्फ एक हजार ३२० घर निर्माण भएर हस्तान्तरण गरिएको छ । एघार बहुउद्देश्यीय सभाहल निर्माणाधीन र तीनवटा निर्माण सम्पन्न भइसकेका छन् । गण्डकी विश्वविद्यालय, प्राविधिक प्रतिष्ठान स्थापना तथा मनाङ, म्याग्दी र मुस्ताङमा पाँचवटा नमूना विद्यालय छात्रावाससमेत बनेको शिक्षाको गौरवका रूपमा लिइएको छ। चालु वर्ष नै तीनवटा आङ्गिक क्याम्पसको विज्ञान प्रयोगशाला र पुस्तकालय पनि बनाइएको छ । उनले बागलुङमा आयोजित कानून व्यवसायीका लागि अभिमुखीकरण तालीमका सन्दर्भमा गण्डकी प्रदेशको विकासबारे बताए।



# शान्ति पत्रकारिता पुरस्कार पत्रकार लौडारीलाई प्रदान गरिने

**विनय पौडेल**
**पोखरा, २ चैत**

नेपाल प्रेस युनियन कास्कीले सञ्चालन गरेको पूर्णप्रसाद/मायादेवी बराल शान्ति पत्रकारिता पुरस्कार चैत्र ३ गते मङ्गलबार पोखराका पत्रकार हिमनिधि लौडारीलाई प्रदान गरिने भएको छ।

पूर्णप्रसाद/मायादेवी बराल प्रतिष्ठानद्वारा स्थापना गरिएको सो पुरस्कारको राशि नगद २५ हजार पाँच सय ५५ सहित दोसल्ला र सम्मानपत्र छ । नेपाल पत्रकार महासंघ कास्कीको सभाहलमा बिहान ८ बजे हुने समारोहमा पत्रकार लौडारीलाई पुरस्कार अर्पण गरिने नेपाल प्रेस युनियन कास्कीका अध्यक्ष नवीन सिग्देलले जानकारी दिए। नेपाली काँग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलको प्रमुख आतिथ्यतामा हुने कार्यक्रममा सहभागिताका लागि युनियनले सबैलाई आग्रह गरेको छ।

कार्यक्रमको तयारी अन्तिम चरणमा पुगेको छ । नेपाल प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष रमेश पौडेलको संयोजकत्वमा गठित प्रतिभा छनोट समितिले यसवर्ष लौडारीलाई पुरस्कृत गर्ने निर्णय गरेको थियो।

लामो समयदेखि पत्रकारिताको माध्यमबाट पत्रकारिता, शान्ति र मानव कल्याणको क्षेत्रका सक्रिय रहि समाज परिवर्तनमा निर्वाह गरेको योगदानको कदर गर्दै पत्रकार लौडारीलाई पुरस्कृत गर्न लागिएको छ। यसअघि सो पुरस्कार पोखराका पत्रकार राजबहादुर गुरुङलाई अर्पण गरिएको थियो।

# सामुदायिक ...

। "घरघरमा पाहुना राख्दा तारे होटलको सुविधा हुँदैन । परिषद्मा सहभागीलाई हाम्रो घरमा जे जस्तो व्यवस्था छ त्यसैले स्वागत गर्ने छौँ", उनले भने, "आमन्त्रित पाहुनाले पनि त्यसलाई सहजरुपले लिनुहुने विश्वास छ।"

काहुँडाँडास्थित ढकमक्क फुलेको लालिगुँराससहित काहुँ धरहराबाट आँखाको नजिकै देख्न सकिने अन्नपूर्ण र माछापुच्छ्रे हिमश्रृखलाको दृश्यावलोकनसँगै पर्यटकीय नगरी पोखराको रमणीय दृश्यले आगन्तुक पाहुनालाई स्वागत गर्ने प्रचारप्रसार समितिका संयोजक कुमारबहादुर क्षेत्रीले बताए।

बैठकमा सामुदायिक वन उपभोक्ता महासङ्घका केन्द्रीय सदस्य एवं प्रचारप्रसार संयोजक हरिप्रसाद बाँस्तोला, प्रदेश सचिवालय सदस्य दिनेश श्रेष्ठ, पोखरा ११ का वडा सदस्य मिनबहादुर गुरुङ, महासङ्घ कास्की कोषाध्यक्ष अम्बिका आचार्य र सो क्षेत्रका १० वटै सामुदायिक वन समूहका पदाधिकारीको सहभागिता रहेको थियो । परिषद्मा प्रदेशका ११ जिल्लाअन्तर्गत ८० स्थानीय महासङ्घ, केन्द्रीय पदाधिकारी तथा सदस्य, प्रदेश समिति, जिल्ला महासङ्घका गरी कूल २५० को सहभागिता रहने महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष कालिदास सुवेदीले जानकारी दिए।

# हाइकर्स क्लबको पदयात्रा भुम्दी, तारेभिर हुँदै लौरुकसम्म

**विनय पौडेल**
**पोखरा, २ चैत**




स्वास्थ्य र पर्यटनको लागि हाइकिङ भन्ने मुल नाराका साथ हाइकर्स क्लब नेपालको आयोजनामा विगत २ वर्षदेखि संचालन हुदै आएको हाइकिङ गत शनिबार १७ औं श्रृङ्खला भुम्दीकोटदेखि तारेभिर हुँदै लौरुक पुगेर समापन भएको छ।

पोखराको पृथ्वीचोकबाट नगर वसमा पोखरा २२ भुम्दीकोट सम्म गएको हाइकिङ समुहले भुम्दी कै तारेभिर हुँदै पोखरा २३ चापाकोटमा रहेको चापाकोट एग्रो टुरीज्म फार्मको पनि अवलोकन गरेको थियो । एग्रोका संचालक तथा गाउँ पर्यटन प्रवर्द्धन मञ्च भिटोफ गण्डकीका संस्थापक अध्यक्ष तारानाथ पहारी र राजु दाहालले स्वागत गर्दै कृषि र पर्यटन लाई साथसाथ लैजान प्रयासरत रहेको वताए । फर्ममा अर्गानिक तरकारी तथा फलफुल खेतीका साथै लोकल कुखुरा, माछा, खसीबोका, भैसी पालन पनि गरेका छन् । हाइकर्स क्लबका सदस्यहरुलाई भुम्दीकोटमा हालै संचालनमा आएको सेभेन ओन्डर्सका संचालक दिपक गुरुङले स्वागत गर्दै आफ्नो खेर गैरहेको जमिनलाई सदुपयोग गरेर रिसोर्ट संचालनमा ल्याएको वताए।

साथै उनले नेपालमा पर्यटनको सम्भावना देखेर नै २२ वर्षको युरोप वसाईलाई माया मारेर नेपाल मै व्यवसाय गर्न थालेको वताए । हरेक महिनाको अन्तिम शनिबार पोखराका पत्रकार तथा व्यवसायीहरुले स्वतःस्फुर्त रुपमा हाइकर्स क्लबलाई सहयोग गर्दै आफ्नो व्यक्तिगत खर्च आफै गर्दै हाइकिङमा सहभागीता जनाई रहेको हाइकिङमा नियमित सहभागी हुँदै आएका पोखराको आलुमाईला चोकमा रंग पसल संचालक जीवन श्रेष्ठले वताए।

सो अवसरमा हाइकर्स क्लबका उपाध्यक्ष कृष्ण रानाभाट, ट्रेकिङ गाइड सुन्दर त्रिपाठी, पत्रकार मनोज घर्तिमगर, रेडियो सफलताका मधु अधिकारी, मन्टेश्वरी संचाकल टीका आचार्य, शेयर मार्केटका लगानीकर्ता मेघराज कुँवर, आइटि शिक्षक भोजराज आचार्य, युनिप्स कास्कीका तीलक थापा र व्यवसायी शुशिल वास्तोलाको सहभागिता रहेको थियो।

# पार्टीलाई रुपान्तरण गर्नुपर्नेमा माओवादी नेताको जोड

**रासस**
**काठमाडौं, २ चैत**

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का नेताहरुले बदलिँदो राजनीतिक परिस्थितिमा पार्टीलाई रुपान्तरण गरेर जानुपर्नेमा जोड दिएका छन्।

केन्द्रीय कार्यालय पेरिसडाँडामा सोमबार बसेको केन्द्रीय समितिको बैठकमा बोल्ने अधिकांश नेताहरुले अहिलेको राजनीतिक अवस्था, पार्टी निर्माण र क्रान्तिकारी आन्दोलनको एकीकरणजस्ता विषयमा जोड दिइएको प्रवक्ता नारायणकाजी श्रेष्ठले जानकारी दिए। "केन्द्रीय सदस्यहरुले वैचारिक राजनीतिक कार्यदिशालाई अझ स्पष्ट बनाएर पार्टीलाई विधि, पद्धति र सामूहिक ढङ्गले सञ्चालन गर्नुपर्ने र कमीकमजोरीलाई समीक्षा गर्दै आफूलाई रुपान्तरण गरेर जानुपर्नेमा जोड दिनुभएको थियो", केन्द्रीय सदस्यको भनाइ उद्धृत गर्दै उनले भने। बैठकमा २० केन्द्रीय सदस्यले आ-आफ्नो धारणा राखेका थिए। बैठकमा जनार्दन शर्मा, शक्ति बस्नेत, गणेशमान पुन, फम्फा भूसाल, वर्षमान पुन, रामदीप आचार्य, हेमराज भण्डारी, पुष्पविक्रम मल्ल, कृष्ण केसी, दलजीत श्रीपाइली, जयपुरी घर्ती, परशुराम रम्तेल, हितबहादुर तामाङ, प्रकाश पोखरेल, धर्मदत्त देवकोटा, परशुराम तामाङ, डिलाराम आचार्य, ओम शर्मा, कुमार पौडेल र रामचन्द्र झाले विचार व्यक्त गरेका थिउ। उनीहरुरुले आ-आफ्नो धारणा राखेसँगै बैठक स्थगित भएको थियो । प्रवक्ता श्रेष्ठल केही दिन पछाडि यही बैठक पुनः शुरुआत गर्ने बताए । बैठकले सर्वोच्च अदालतको पछिल्लो आदेशका सन्दर्भमा पुनरावलोकन दिने निर्णय पनि गरेको छ। "तत्कालीन राजनीति परिस्थितिसँग जोडिएका कार्यभार पूरा गर्न सबै राजनीतिक दलसँग वार्ताको प्रक्रियालाई तीव्र बनाउनेछौँ", उनले भने । बैठकले केन्द्रीय नेताहरु आ-आफ्नो कार्यक्षेत्रमा खटिएर निर्धारित जिम्मेवारी सम्पन्न गर्न जाने निर्णयसमेत गरेको छ।

# राष्ट्रपतिले प्रमुख राजनीतिक दलसँग छलफल गर्नुहुने

**रासस**
**काठमाडौं, २ चैत**

राष्ट्रपति विद्यादेवी भण्डारीले सर्वदलीय बैठकको आयोजना गर्नुभएको छ । सङ्घीय संसद्मा प्रतिनिधित्व गर्ने प्रमुख राजनीतिक दलसँग मङ्गलबार अपरान्ह ४ बजे छलफल गर्ने कार्यक्रम तय भएको छ।

र ा ष ट ् प त ि भण्डारीका प्रमुख स्वकीय सचिव डा भेषराज अधिकारीका अनुसार संसद्मा प्रतिनिधित्व गर्ने प्रमुख राजनीतिक दल एवं पूर्वप्रधानमन्त्रीलाई छलफलमा आमन्त्रण गरिएको छ। बैठकमा नेकपा (एमाले), नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), जनता समाजवादी पार्टी, राप्रपा, नेपाल मजदूर किसान पार्टी र राष्ट्रिय जनमोर्चालाई बोलाइएको हो।



पर्यटकीय स्थल काहुँडाँडाः पर्यटकीय स्थल काहुँडाँडामा पछिल्लो समय आन्तरिक पर्यटकको आकर्षण बढेको छ। तस्वीरः हरि बास्तोला

# भु.पू. विद्यार्थी मञ्च आनन्द ज्योति मा वि को अध्यक्षमा अधिकारी

**पोखरापत्र संवाददाता**
**पोखरा, २ चैत**



भु.पू. विद्यार्थी मञ्च आनन्द ज्योति मा. वि. बेगनासको अध्यक्षमा नवराज अधिकारी निर्वाचित भएका छन्।

शनिबार सम्पन्न मञ्चको प्रारम्भिक साधारणसभा एवं प्रथम अधिबेशनबाट अधिकारी सर्वसम्मत अध्यक्षमा निर्वाचित भएका हुन् । त्यस्तै मञ्चको उपाध्यक्षमा विकास प्रसाद कंडेल, सचिवमा श्रीराम कंडेल, कोषाध्यक्षमा सुशिला अधिकारी सिग्देल र प्रबक्तामा कृष्णराज आचार्य चयन भएका छन।

त्यस्तै सन्तोष अधिकारी, अनिल सुवेदी, अर्जुन पौडेल, केशवराज तिवारी, गोमा तिवारी सोती र शोभा कंडेललाई सदस्यमा चयन गरिएको छ । प्राध्यापक बिश्वराज अधिकारी संयोजक र फडिन्द्र मोहन अधिकारी, रुद्रनाथ अधिकारी, लक्ष्मी थापा सदस्य रहेको निर्वाचन मण्डलले निर्वाचन प्रक्रिया सम्पन्न गरेको थियो।

नयाँ कार्यसमितिका सबै पदमा सर्वसम्मत चयन गरिएको हो । उद्घाटन कार्यक्रममा बोल्दै पूर्व स्वास्थ्य मन्त्री एवं प्रतिनिधीसभा सदस्य खगराज अधिकारीले विकास निर्माणका काममा राजनीतिक गर्न नहुने बताएका थिए । नेकपा एमालेका नेता समेत रहेका अधिकारीले राजनिति गर्ने नाममा कुनै पनि विकास निर्माणका कामहरुमा अवरोध गर्ने नहुनेमा जोड दिए । कार्यक्रममा बोल्दै प्राध्यापक बिश्वराज अधिकारीले शैक्षिक क्षेत्रमा राजनिती गर्न नहुने भन्दै प्रागिक थलोको गरिमालाई उच्च बनाउन मञ्चले भुमिका खेल्न सक्नु पर्ने बताए।

आनन्द ज्योति माध्यमिक विद्यालयका पूर्व प्रधानाध्यापक फडिन्द्र मोहन शर्मा अधिकारीले बिद्यालयका पुर्व विद्यार्थी संगठित भएकोमा खुसी लागेको बताए । नबराज अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पोखरा महानगरपालिका ३१ का वडा सदस्य पूर्णाखर पाण्डे, नेपाली काङ्ग्रेसका धुर्वराज अधिकारी, नेकपा माओवादी केन्द्रका कृष्ण तिमिल्सिना, राप्रपाका प्रकास सापकोटा, भुपू विद्यार्थी मञ्च आनन्द ज्योति मा. वि. का कोषाध्यक्ष शुसिला सिग्देल, बेगनास बिकास मञ्च पोखराका अध्यक्ष शुक्रराज कंडेल लगायतले बोलेका थिए।

मञ्चका उपाध्यक्ष बिकास प्रसाद कंडेलले स्वागत गरेको कार्यक्रमको संचालन सचिव श्रीराम कंडेल गरेका थिए। कार्यक्रममा मञ्चलाई सहयोग गर्ने संस्था र ब्यक्तिलाई सम्मान गरिएको थियो भने मञ्चका अजिबन सदस्यहरुलाई आजिबन सदस्यताको प्रमाणपत्र प्रदान गरिएको थियो । साधारणसभाबाट अध्यक्ष, सचिब र कोषाध्यक्षका प्रतिबेदन सर्वसम्मत पारित भएका छन्।

# जसपा शीर्ष नेताहरुको बैठक अनिर्णित

**रासस**
**काठमाडौं, २ चैत**

सत्ता साझेदारीको कसरतमा रहेको जनता समाजवादी पार्टी (जसपा)ले सरकार गठनमा कसलाई सघाउने भन्ने अझै टुङ्गो लगाउन सकेको छैन।

वर्तमान परिस्थितिमा सत्ता साझेदारीलगायत विषयमा छलफल गर्न आज ललितपुरको बालकुमारीस्थित पार्टी मुख्यालयमा भएको जसपाका शीर्ष नेताहरुको बैठक निष्कर्षहीन भएको हो । बैठकमा सत्ता साझेदारीलगायत विषयमा पार्टी स्पष्ट धारणा बनाउनेबारे छलफल भएपनि निष्कर्षमा पुगिनसकेको जसपाका वरिष्ठ नेता अशोक राईले बताए । उनले भने, "हामी छलफलमै छौँ, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) को निर्णयपछि हामी एउटा निचोडमा पुग्छौँ । हामीले विचार आदान-प्रदान गरिउँ प्रधानमन्त्रीसहित उहाँको पार्टी, कांग्रेस र माओवादीसँग पनि छलफल गरी प्राप्त रायसुझावका आधारमा साझा प्रस्ताव तयार गर्छौं।"

बैठकमा एमाले, कांग्रेस र माओवादीका शीर्ष नेताहरुले दिएको समर्थनबारे पनि छलफल भएको थियो।

जसपाले संविधान संशोधन र वन्दी जीवन विताइरहेका रेशम चौधरी लगायतको रिहाइसहित माग राखेर सत्तामा जाने कसरत गरिरहेको छ।




**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

**पुरुषमा देखिने:**
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने:**
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता :** अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग :** छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय:** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५३९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ ।

– स्वटेमार्डन

## सम्पादकीय

# सवाद र छलफलमै फर्क

सर्वोच्च अदालतको फैसला पछि पुनःस्थापना भएको नेकपा एमाले एकताबद्ध बनाउन कार्यकर्ताको दबाब छ । नेकपा एमाले र माओवादी केन्द्र बीचमा एकता भएर बनेको नेकपालाई सर्वोच्चले बदर गरेपछि एमाले र माओवादी केन्द्र छुट्टाछुट्टै पार्टी भएका छन।नेकपामा रहँदा दुई ध्रुबमा बाँडिएका नेताहरू एमाले पुनःस्थापना गरेपछि पनि उहीँ शैलीबाट चलेका छन । कानुनी रुपमा नफुटेपनि ब्यवहारिक रुपमा एकताबद्ध हुन सकेका छैनन् । पार्टी अध्यक्ष केपी शर्मा ओलीले बरिस्ठ नेता माधवकुमार नेपाल पक्षलाई छलफलमा बोलाएर संवाद थालेका छन । सोमबार पार्टी कार्यालय धुमबाराहीमा संस्थापन र असन्तुष्ट पक्षबीच दुई घण्टा छलफल गरेर आआफ्ना धारणा राखेका छन।तीन महिनाअघिदेखि सत्तोसराप गर्दै आएकालाई छलफलमा ल्याउनु सकारात्मक पहल हो । पार्टी भित्र कायम रहेको मनमुटाव एउटा बैठकले हटाउन सक्दैन ।

दुवैतर्फका शिर्ष नेता सहभागी भएको बैठकबाट सहमति जुट्न नसकेपनि छलफल र संवादबाट भाग्नु हुँदैन । शुरु भएको संवादलाई विभिन्न तरिकाबाट जारी राख्नुपर्छ । बरिस्ठ नेता माधवकुमार - झलनाथ समूहले चैत ४ र ५ गतेको राष्ट्रिय कार्यकर्ता भेला नरोक्न बन्दै आएको वातावरण खल्बलिनु हो । धुम्बाराहीमा पार्टी अध्यक्ष एवम् प्रधानमन्त्री केपी ओलीसहितका नेताहरूसँगको छलफलपछि नेकपा एमालेको माधवसमूहले बानेश्वरस्थित अर्याल होटलमा गरेको केन्द्रीय सदस्य र सांसदहरुको भेलामा राष्ट्रिय कार्यकर्ता भेला नरोक्ने निर्णय गरेर नेतृत्व तहमा रहेको विवादलाई तल पुऱ्याउनु हो । विवादलाई साँघुरो बनाउन  अध्यक्ष ओलीले बालुवाटारमा चियापान कार्यक्रम आयोजना गरेर घुलमिल बनाउन खोजेका हुन । माधव समूहका नेताहरु उक्त चियापानमा नजाने निर्णयमा पुग्नु गलत हो  । ओली बोलाएको चियापानमा आफ्नो समूहका कोही पनि नेताहरुलाई नजान निर्देशन दिइएको हो भने तिक्तता बढाउने कामलाई सघाउछ । वरिष्ठ नेता माधवकुमार नेपालले पार्टी कार्यालय धुम्बाराहीमा दुईपक्षबीच भएको छलफलको विषयबारे जानकारी दिनुलाई अन्यथा मान्नुपर्दैन ।  छलफल निस्कर्षमा नपुगेकाले संवादहिनताको बेलाको जस्तै गतिविधि हुनु सुहाउने काम होइन ।

नेपाल पक्षले फागुन २८ गते ओली पक्षले गरेको नेपाललगायतका पदाधिकारी हटाउने एकलौटी निर्णय खारेज हुनुपर्ने र त्यसपछि मात्र छलफल अघि बढ्ने माग  छलफलको विषय हुनसक्छ ।  'फागुन २८ गते केन्द्रीय कमिटीले गरेका निर्णय औपचारिक नभएकाले हामीले मान्दैनौं भन्न सकिएला । आफूहरुको उपस्थिति नभएको बैठकले गरेका निर्णयलाई स्थगन गर्ने प्रस्तावमा पुनर्विचार गर्ने , निर्णयमा पुनरवलोकन, सुधार र समीक्षा गर्नुछ भने छलफलबाट गर्न सकिन्छ ।संस्थापन पक्ष त्यसमा सकारात्मक रहेको ,'फागुन २८ गतेको निर्णयलाई अर्को बैठकमा छलफल गर्न सकिने धारणा प्रधानमन्त्री ओलीले राखेका छन । बैठक बसिसकेको हुनाले फागुन २८ गतेको निर्णयलाई प्रतिष्ठाको विषय बनाएर जानु जरुरी छैन।देशभरका कार्यकर्ता, शुभेच्छुक र जनताले एमालेको एकता चाहेका छन । संसद्को ठूलो दल एकताबद्ध रहन सकेमा खिचडी सरकार बनाउन खोज्नेहरु कमजोर हुने र राजनीतिक स्थिरता कायम हुनेछ ।

# ढोरपाटन शिकार आरक्षको १८५ हेक्टर जमिन अतिक्रमण

– खेमराज गौतम
बागलुङ, २ चैत (रासस)

नेपालको एकमात्र शिकार आरक्ष ढोरपाटन शिकार आरक्षको संरक्षणमा चुनौती थपिँदै गएको छ । आरक्षणमा नेपाली सेनाको उपस्थिति पछि चोरी शिकारीमा उल्लेख्य कमी आए पनि जग्गा अतिक्रमण भने रोकिएको छैन । ढोरपाटन शिकार आरक्ष कार्यालयले आरक्षको १८५ हेक्टर जमिन अतिक्रमण भएको जनाएको छ । कार्यालयले निकालेको वार्षिक प्रतिवेदन २०७६/०७७ मा शिकार आरक्षको विभिन्न ३४ स्थानमा करिब १८५ हेक्टर जमिन अतिक्रमण भएको उल्लेख छ । अतिक्रमित जग्गामा ३११ घरधुरी रहेको आरक्षले जनाएको छ।

कार्यालयले बेलाबेलामा स्थानीयवासीलाई भेला गराई अतिक्रमण नगर्नका लागि आग्रहसमेत गर्दै आएको छ । आरक्षका अनुसार केही वर्षअघि ढोरपाटनको पाखाथर, गाडीखोला, छेन्तुङ, खाल्डेखुल्डी, लामखोरिया,सल्लाथान,उत्तरगङ्गा, नवी, स्यालपाखेलगायतका क्षेत्रमा रहेका ३० घरधुरीले बारबन्देज गरेर रोकी राखेको जग्गाको बारबन्देज हटाइएको थियो । बागलुङ, म्याग्दी र पूर्वी रुकुम जिल्ला गरी कूल एक हजार ३२५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको शिकार आरक्षमा अतिक्रमण गर्ने दर पछिल्लो समय बढ्दै गएको हो । नेपाल सरकारले विसं २०३९ मा ढोरपाटन शिकार आरक्षको स्थापना गरी एक हजार ३२५ वर्ग किलोमिटर क्षेत्रफललाई शिकार आरक्षको क्षेत्र तोकेको थियो ।

भौगोलिक विकटताका कारण प्रशासनिक सुविधा नभएको र आरक्ष व्यवस्थापन कानून नहुँदा स्थानीयवासीले मनोमानी ढङ्गले जग्गा अतिक्रमण गर्दै खेतीपाती गर्दै आएका छन् । आरक्षको सबैभन्दा बढी म्याग्दी जिल्लामा अतिक्रमण भएको कार्यालयले जनाएको छ । बागलुङको अधिकारीचौर, बोबाङ, निसी र बोङ्गादोभान, रुकुमको रन्मा, मैकोट, हुकाम, तकसेरा, कोल र कात्री तथा म्याग्दीको लुलाङखोरिया र गुर्जाखानीलगायतका ३४ स्थानमा अतिक्रमण भएको सरकारी तथ्याङ्कमा उल्लेख गरिएको छ । अतिक्रमित जग्गामा स्थानीयवासीले आलु, स्याउ र अन्य खेतीसमेत गरिरहेका छन् ।

आरक्षले पटक-पटक अतिक्रमण भएको जग्गा फिर्ता ल्याउन पहल गरे पनि कानूनी जटिलताका कारण समस्या भएकाले आरक्षको सीमा संरक्षण चुनौतीपूर्ण बन्दै गएको पाइएको छ । विकट क्षेत्रका रूपमा रहेको आरक्ष क्षेत्र वरपरको जग्गामा स्थानीयवासीले अतिक्रमण गरी घर टहरा निर्माण, खेतीपाती गर्ने क्रम बढ्दै गएको पाइएको हो । शिकार आरक्षसम्बन्धी नियमावलीको तर्जुमा एवं कार्यान्वयन नहुँदा आरक्ष व्यवस्थापनमा असहजता उत्पन्न भएको ढोरपाटन शिकार आरक्ष कार्यालय बागलुङका प्रमुख संरक्षण अधिकृत वीरेन्द्रप्रसाद कँडेलले बताउनुभयो । "आरक्ष जग्गा अतिक्रमणको समस्या पटक-पटक समाधानको प्रयास भएका थिए, हालसम्म सार्थकता पाउन सकेको छैन, जमिन अतिक्रमण नहोस् भन्नेमा हाम्रो ध्यान रहेकै छ", प्रमुख संरक्षण अधिकृत कँडेलले भन्नुभयो, "आरक्षको सबै भागमा सेना राख्न असहज हुनु एवं कानूनी जटिलताका कारण आरक्षको संरक्षण र व्यवस्थापनमा थप चुनौती देखिएको छ ।" कँडेलका अनुसार दुई वर्षभन्दा अघि अतिक्रमण भएको जग्गा हटाउन शुरु गरे पनि सार्थकता पाउन नसकेको उहाँको भनाइ छ ।

केही घर आरक्ष स्थापना हुनुभन्दा अगावै रहेका कारण सरकारले लालपुर्जा दिलाउनुपर्ने या बस्ती स्थानान्तरण गर्नुपर्ने आरक्ष कार्यालयको सुझाव छ । लालपुर्जा वितरण, राहत तथा पुनःस्थापना गर्न सरकारले मन्त्रिपरिषद्को बैठकबाटै टुङ्ग्याउनुपर्ने भएकाले अतिक्रमण हटाउन आरक्ष कार्यालयले नसकेको कँडेलको भनाइ छ । सशस्त्र द्वन्द्वको समयमा आरक्ष कार्यालय विस्थापित भई जिल्ला सदरमुकाम बागलुङ बजारमा सरेपछि स्थानीयवासीले आरक्षको जग्गामा तारबार गरी खेती लगाउन शुरु गरेका थिए । आरक्षले यसअघि आफ्नो जग्गामा स्थानीयवासीले लगाएको तारबार हटाएको थियो । पहिले कर्मचारीको मात्रै भरमा रहेको आरक्षमा २०७३ सालदेखि नेपाली सेनासमेत राखिएको छ । बागलुङ, पूर्वी रुकुम तथा म्याग्दी गरी तीन जिल्ला समेटिएको आरक्षभित्रका सात ब्लकमध्ये आरक्ष कार्यालय ढोरपाटन, देउराली तथा निसेलढोरमा मात्रै सुरक्षा तैनाथ गरिएको छ । विभिन्न समस्या देखाउँदै नेपाली सेना म्याग्दी तथा पूर्वी रुकुमसम्म आरक्षको सुरक्षामा पुग्न नसक्दा आरक्ष संरक्षणमा अझै चुनौती छ । शिकार आरक्ष कार्यालय रहेको ढोरपाटन क्षेत्रमा आरक्ष स्थापना हुनुअगावैदेखि मानिसले भोगचलन गर्दै आएकाले यसलाई अतिक्रमणका रूपमा लिन नमिल्ने ढोरपाटन नगरपालिका-९ का वडाध्यक्ष हरिबहादुर घर्तीमगरले बताउनुभयो ।

यसलाई स्थानीयवासीले तत्कालीन समयदेखि भोगचलन गर्दै आएको उहाँको जिकिर छ । "लामो समयदेखि भोगचलन गर्दै आएका स्थानीयवासीले कर तिर्न पर्ने भन्दै जग्गा दर्ता नगरेका हुन्", अध्यक्ष घर्तीले भन्नुभयो "केही क्षेत्र पछिसमेत अतिक्रमण भएको छ, उनीहरूले प्रयोग गर्दै आएको जग्गा राज्यले लिन चाहे स्थानीयवासीको मागलाई सम्बोधन गर्नुपर्ने हुन्छ ।"

भूमिसम्बन्धी समस्या समाधान आयोग बागलुङका अध्यक्ष कृष्ण पाठकले आरक्षमा देखिएको समस्याबारे अध्ययन गरिने बताउनुभयो । "आरक्षको जग्गामा बस्न र भोगचलन गर्ने स्थानीयवासीले पाउने अवस्था सायद नहुन सक्छ, उनीहरू सुकुम्वासीनै भएको प्रमाणित भएमा अन्यत्र जग्गा व्यवस्थापन गर्न सकिनेछ", उहाँले भन्नुभयो ।

# विश्व उपभोक्ता अधिकार दिवस विशेष : ढक-तराजुको प्रयोग र मूल्यमा असमानताका कारण ठगिँदै उपभोक्ता

– ध्रुवसागर शर्मा
म्याग्दी, २ चैत (रासस)

मार्च १५ अर्थात् विश्व उपभोक्ता अधिकार दिवस । नेपालमा पनि ' प्लाष्टिक प्रयोगमा निरुत्साहन, वातावरण संरक्षणमा योगदान' भन्ने नाराका साथ विभिन्न कार्यक्रम गरी यो दिवस मनाइँदै छ ।

सन् १९६२ मार्च १५ का दिन अमेरिकी राष्ट्रपति जोन एफ केनेडीले प्रस्तुत गरेको सुरक्षा, सूचना, छनोट र सुनुवाइलाई उपभोक्ताका चार अधिकारका रूपमा घोषणा गरिएपछि यसैको सम्झनामा यो दिवस मनाइँदै आइएको हो । त्यसपछि सन् १९८५ मा संयुक्त राष्ट्रसङ्घको साधारणसभाबाट थप आठ अधिकारसहितको अनुबन्ध पारित भएको थियो । सोही आधारमा प्रत्येक राष्ट्रले उपभोक्ता कानून जारी गरेका हुन् ।

नेपालमा उपभोक्ता संरक्षण ऐन, २०५४ को दफा ६ बमोजिम वस्तु वा सेवा खरिद वा उपभोग गर्ने प्रत्येक उपभोक्तालाई विभिन्न अधिकार प्रत्याभूति गरिएको भए पनि उपभोक्ता ती अधिकार प्रयोग गर्नबाट वञ्चित भएका छन् । हिमाली जिल्ला म्याग्दीमा दैनिक जीवनमा प्रयोग हुने अधिकांश सामान जोखेर किनबेच हुने भए पनि त्यसको तौल लिन प्रयोग हुने अधिकांश ढक-तराजु पनि अवैधरूपमा प्रयोग भइरहेका छन् । गुणस्तर तथा नापतौल डिभिजनको निष्क्रियताले बजारमा नवीकरण नभएका, नापतौल प्रमाणित नभएका र प्रतिबन्धित ढक-तराजुले सामान तौलने गरिएको पाइएको छ । यसबाट व्यापारी मोटाइरहेका छन् भने उपभोक्ता दिनहुँ ठगिइरहेका छन् । त्यसैगरी एउटै सामानको मूल्य पसलैपिच्छे फरकफरक हुँदा एउटै सामानको तीन थरी मूल्य तिर्न उपभोक्ता बाध्य छन् । त्यस्तै उपभोग्य वस्तुमा हुने मिसावट र बजारमा हुने कालोबजारीले उपभोक्ता भने सधैँ मारमा पर्ने गरेको सचेत उपभोक्ताको गुनासो छ । अर्थशास्त्र विषयका प्राध्यापक तथा म्याग्दी बहुमुखी क्याम्पसका पूर्वक्याम्पस प्रमुख कृष्णबहादुर थापाले स्वच्छ उपभोग्य वस्तु तथा सेवा उपभोग गर्न पाउनु उपभोक्ताको अधिकार भए पनि उपभोग्य वस्तुमा हुने मिसावटले उपभोक्ताको स्वास्थ्य जोखिममा पर्ने गरेको बताउनुभयो । जिल्ला बजार अनुगमन समिति म्याग्दीले गत दशैँको अवसरमा गरेको बजार अनुगमनका क्रममा बजारमा प्रयोगमा रहेका ५० प्रतिशत ढक-तराजु मापदण्डविपरीत रहेको पाइएको बताएको थियो । अनुगमनका क्रममा बेनी बजार क्षेत्रका मासु व्यवसायी, तरकारी तथा फलफूलका व्यापारीले प्रमाणीकरण नगरिएका अवैध भारतीय ढक र तराजु प्रयोग गरेको समेत भेटिएको थियो । जिल्ला प्रशासन कार्यालय म्याग्दीका एक अधिकारीले नापतौलमा उपभोक्तालाई ठगी गर्ने व्यवसायीलाई कारवाही गरिने बताउनुभयो । उहाँले ढक, तराजुबाट उपभोक्तालाई ठगी गरिरहेको प्रशस्त प्रमाण फेला परेकाले अब थप बजार अनुगमनलाई कडाइ गरिने जानकारी दिनुभयो । मासु, फलफूल, तरकारीलगायत अन्य सामान सडकमा राखिएका पसलबाट किन्दा ठगिने गरे पनि उपभोक्तामा त्यसविरुद्ध सम्बद्ध निकायमा उजुरी गर्नुपर्छ भन्ने जानकारी नभएकाले ठगिनुपरेको अधिकारकर्मीको बुझाइ छ । कानूनी दायराभन्दा बाहिर रही व्यापार गर्ने व्यापारीबाट ठग्ने क्रम जारी रहे पनि त्यसलाई रोक्न सरोकारवाला निकायले कडाइ नगरे उपभोक्ता ठगिने क्रम नरोकिने उपभोक्ता अधिकार मञ्च म्याग्दीका अध्यक्ष ठहरबहादुर भण्डारीले बताउनुभयो।अधिकारकर्मीकाअनुसार व्यवसायीले ढक नै कम तौलको बनाएर उपभोक्ता ठगिरहेका छन् । एक किलोको ढकमा एक हजार ग्राम हुन्छ तर ९०० ग्राम मात्रै राखिएको ढकलाई एक किलो भन्दै सामान तौलने गरिएको विभिन्न अनुगमन रिपोर्टले देखाएको छ । त्यसैगरी एउटै सामानको मूल्य प्रत्येक पसलमा अलग अलग तिर्नुपर्दा उपभोक्ता अन्योलमा पर्ने गरेका छन् । आइतबार बगरफाँटको एक पसलबाट रु ९० मा एक किलो चिनी किन्नुभएका उपभोक्ता धनबहादुर थापाले केही दिनअघि बेनी मङ्गलाघाटको पसलबाट रु ९५ मा किनेको बताउनुभयो ।

उपभोक्ताको अधिकारलाई नेपालको संविधानको धारा ४४ मा मौलिक हकका रूपमा राखिएको भए पनि व्यवहारमा भने उपभोक्ताहरू सधैँ ठगिइरहनुपरेको सरोकारवालाको बुझाइ रहेको छ ।

उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्रदान गरिने भनेर संविधानमा नै उल्लेख गरिएको भए पनि यसको कार्यान्वयनको अवस्था भने दयनीय देखिएको म्याग्दीका उपभोक्ता श्याम सापकोटाले बताउनुभयो । उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमल्सिनाले उपभोक्ता हितमा राज्य कठोर हुनुपर्ने बताउनुहुन्छ । उहाँका अनुसार मूल्य, गुणस्तर र नापतौलमा उपभोक्तालाई आश्वस्त पार्दै बजारमा देखिएकाविकृति,विसङ्गतिरगैरकानूनी कार्यलाई निरुत्साहित गर्न व्यवसाय सचेतना र उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

# एक हल गोरु पाल्ने कृषकलाई हलो

पोखरापत्र संवाददाता
तनहुँ, २ चैत

जिल्लाको बन्दीपुर गाउँपालिका कार्यालयले एक हल गोरु पाल्ने कृषकलाई एक थान हलो अनुदानमा वितरण गर्ने भएको छ । गोरुलाई विस्थापित हुनबाट जोगाउन र कृषि उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले ५० प्रतिशत अनुदानमा कृषकलाई हलो प्रदान गर्न लागिएको हो ।

पछिल्लो समय नयाँ प्रविधिको आगमनसँगै गोरु पाल्ने र जोत्ने परम्परा हट्दै जान थालेपछि यसको संरक्षण गर्नका लागि पनि गाउँपालिकाले यो अभियानलाई अघि बढाएको गाउँपालिका कार्यालयले जनाएको छ ।

त्यसैगरी गाउँपालिकाले मिनी ट्रिलरका लागि रु २० लाख, कुटानीपिसानी मिलमा रु पाँच लाख, कृषि टनेलमा रु तीन लाख र हलोका लागि रु तीन लाख बजेट विनियोजन गरेको जनाएको छ ।

आयआर्जनको माध्यमबाट आर्थिक क्षेत्रमा सबल बनाउन सहयोग पुग्ने हेतुले कृषकलाई गाउँपालिकाको ५० प्रतिशत सहयोगमा उक्त सामग्री वितरण गर्न लागिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश सुवेदीले जानकारी दिनुभयो ।

सम्बन्धित क्षेत्रका लागि कृषकले आवेदन दिए पनि उनीहरूको मूल्याङ्कन र स्थलगत अवलोकनपश्चात् मात्रै अनुदानमा सामग्री प्रदान गरिने प्रमुख प्रशासकीय अधिकृत सुवेदीले बताउनुभयो ।

## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | ब्यापारमा लाभ | तुला | अप्रत्यसित लाभ |
| वृष | झमेला बढ्ने | वृश्चिक | मन चञ्चल |
| मिथुन | सत्कार मिल्नेछ | धनु | शत्रुको भय |
| कर्कट | सहयोग मिल्नेछ | मकर | कार्यमा सफलता |
| सिंह | मानसिक तनाब | कुम्भ | शारिरीक झमेला |
| कन्या | सम्मान मिल्नेछ | मीन | आर्थिक समस्या |

हरिसिद्धि भविश्यवाणी केन्द्र
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्झनुहोस् ।

कस्मेटिक एण्ड व्यूटिपार्लर बिक्रीमा
रामबजार गौरी मार्गमा अति चालु अवस्थामा रहेको शिखा कस्मेटिक एण्ड व्यूटिपार्लर विशेष कारणवस तुः बिक्रीमा छ ।
सम्पर्कः ९८४७६६१७३५

बडा मजाको आयुर्वेदिक
१. मोटोपन घटाउन/ बढाउन
२. यौन शक्ति बढाउन/शीघ्र स्खलन रोक्न
३. पेटको सेतो धर्सा हटाउन, योनी टाईट गर्न
४. स्तन घटाउन/ बढाउन/टाइट गर्न
५. कपाल झर्न रोकी पुनः उर्मान
६. अनुहारको चायाँ, पोतो, डण्डिफोर हटाउन
७. जाँडरक्सी चुरोटको कुलत छुटाउन-
८. शरीरको हाइट बढाउन
९. लेडिज/ जेन्स सेक्स टोय पनि पाइन्छ ।
सम्पर्कः सिर्जनाचोक, पोखरा
मो. ९८४८७०५९४८, ९८४३६०८५१३

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
प्रदेश जनस्वास्थ्य प्रयोगशाला
गण्डकी प्रदेश पोखरा
फोनः ०६१-५२५७५१
E-mail: provincelab4@gmail.com

स्वास्थ्य प्रयोगशाला स्थापना तथा संचालन मापदण्ड सम्बन्धी अत्यन्त जरूरी सूचना !

स्वास्थ्य प्रयोगशाला स्थापना तथा संचालन मापदण्ड सम्बन्धी निर्देशिका २०७३ बमोजिम यस गण्डकी प्रदेशभित्र रहेका सम्पूर्ण क्लिनिक, पोलिक्लिनिक, अस्पताल, वैदेशिक रोजगार, स्टयाण्ड एलोन, स्वास्थ्य प्रयोगशालाहरु स्थापना तथा संचालन गर्न प्रदेश जनस्वास्थ्य प्रयोगशाला गण्डकी प्रदेश पोखरा वा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा अनिवार्य दर्ता गरि संचालन अनुमतिपत्र लिनुहुन् साथै अनुमति पत्रको अवधि समाप्त भएका स्वास्थ्य प्रयोगशालाहरुले तोकिएको अवधिभित्र अनुमतिपत्र यथाशिघ्र नविकरण गराउनु हुन समेत यो सूचना प्रकाशित गरिएको छ ।

नि.निर्देशक

# सूचना प्रविधिको दुरुपयोग रोकिनुपर्छ : विज्ञ

**रासस**
**काठमाडौं, २ चैत**

सूचना प्रविधिको पहुँच व्यापक भए पनि प्रविधिको दुरुपयोग बढेको भन्दै यसको प्रभावकारी नियमन गरिनुपर्ने आवश्यकता यस क्षेत्रका विज्ञले औँल्याएका छन् ।

आधुनिक युगमा प्रविधिको उच्चतम विकास र विस्तारले शहरदेखि दूरदराजमा प्रविधिको पहुँच बढेकाले प्रविधिको सहीरूपमा सदुपयोग भएको छ की छैन भनेर प्रभावकारी अनुगमन र नियमन हुनुपर्ने उहाँहरूको जोड छ । कम्प्युटर एशोसिएशन अफ नेपाल महासङ्घ (क्यान महासङ्घले) आइतबार आयोजना गरेको 'मिडियामा सूचना प्रविधिको प्रयोग' विषयक अन्तर्क्रियामा वरिष्ठ पत्रकार प्रतीक प्रधानले सूचना प्रविधिको पहुँच र प्रयोग बढ्दो रहनु सकारात्मक भए पनि यसबाट सिर्जना भएका कतिपय नकारात्मक गतिविधिलाई नियन्त्रण गरी प्रविधिको सही सदुपयोगका लागि ध्यान दिन जरुरी भएको बताउनुभयो । "सूचना प्रविधिको पहुँच र प्रयोग तीव्ररूपमा बढेको छ। समाचार पत्र र सञ्चारगृह आफैँमा द्विविधामा छन् कुन विषयवस्तु कसरी दिने भनेर। सूचना सम्प्रेषणमा प्रविधिले राम्रो कुरा ल्याएको छ, अभिव्यक्ति स्वतन्त्रता र प्रेस स्वतन्त्रता स्थापित गर्न पनि धेरैहदसम्म भूमिका खेलेको छ, प्रविधिसँगै आएका खराब पक्षलाई मिडिया, पाठक र समाजले पनि प्राथमिकता निर्धारण गर्न अपरिहार्य छ", उहाँले भन्नुभयो। पत्रकार प्रधानले पत्रकारले सूचना, मनोरञ्जन र अत्याचारलाई छुट्टयाएर पत्रकारितालाई जिम्मेवार बनाउन जरुरी भएको उल्लेख गर्नुभयो।

कार्यक्रममा नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष पुरुषोत्तम खनालले सूचना प्रविधिको नियमन गर्ने फरकफरक निकाय भएकाले इन्टरनेट नियमन गर्न समस्या आएको बताउनुभयो । उहाँले मिडियामा समावेश हुने विषयवस्तुलाई पनि जवाफदेही र जिम्मेवारी बनाउन अधिकार पाएको खण्डमा नियमन गर्न प्राधिकरण तयार रहेको बताउनुभयो । नेपाल टेलिकमका प्रबन्ध निर्देशक डिल्लीराम अधिकारीले इन्टरनेट नियमन गर्ने कि इन्टरनेटभित्रका विषयवस्तु प्रशोधन गर्ने भन्ने द्विविधा बढेको भन्दै सूचना प्रविधि क्षेत्रलाई सहज ढङ्गले अघि बढाइनुपर्नेमा जोड दिनुभयो। उहाँले कनेक्टिभिटी सहज हुँदाहुँदै पनि दुरुपयोग बढेको र यसबाट अपराध, आत्महत्याजस्ता गतिविधि बढेको बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले जसरी कनेक्टिभिटीलाई लैजाँदैछौँ यसको कन्टेन्ट पनि निर्धारण र प्राथमिकीकरण गर्न जरुरी छ। देशका कुना गाउँसम्म प्रविधिको पहुँच पुगे पनि यसको सदुपयोग भएको छ कि छैन भनेर प्रभावकारी अनुगमन गर्न जरुरी छ ।" नेपाल टेलिकमले चौथो पुस्ताको द्रुत गतिको इन्टरनेट 'फोरजी' सेवा देशका ६५५ स्थानीय तहमा पुगिसकेको जनाएको छ । राज्य र व्यक्तिको सुरक्षासँग पनि कनेक्टिभिटी जोडिएकाले यसको सहज र सही प्रयोगका लागि जनमानसमा सचेतना फैलाउन जरुरी भएको प्रबन्ध निर्देशक अधिकारीले उहाँले उल्लेख गर्नुभयो।

क्यान महासङ्का अध्यक्ष नवराज कुँवरले सरकारले अघि सारेको डिजिटल नेपाल फ्रेमवर्कलाई सूचना प्रविधिको 'गेमचेन्जर' मानेर सूचना प्रविधिको पूर्वाधार विकास तथा प्रभावकारी कार्यान्वयनतर्फ अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

# राष्ट्रपति रनिङशिल्डको उपाधि पञ्चमुनिदेवलाई

**पोखरापत्र संवाददाता**
**तनहुँ, २ चैत**

शुक्लागण्डकी नगरपालिकाको आयोजना र गाउँफर्कोदय मावि ढोरफिर्दीको व्यवस्थापनमा सम्पन्न तेस्रो राष्ट्रपति रनिङशिल्ड विद्यालयस्तरीय प्रतियोगिताको उपाधि पञ्चमुनिदेव माध्यमिक विद्यालयले जितेको छ।

आइबार सम्पन्न प्रतियोगितामा कूल २० पदक जित्दै दुलेगौडास्थित पञ्चमुनिदेव माविले रनिङशिल्डको उपाधि जितेको हो।

पञ्चमुनिले १० स्वर्ण, तीन रजत र सात कास्य पदक प्राप्त गरेको छ । रनिङशिल्डसहित पञ्चमुनिले नगद रु १५ हजारका साथमा कप, मेडल र प्रमाणत्र प्राप्त गरेको छ। प्रतियोगितामा १३ पदक जित्दै गत वर्षको च्याम्पियन हंशवाहिनी मावि द्वितीय भएको छ। हंशवाहिनीले पाँच स्वर्ण, पाँच रजत र ती कास्य पदक प्राप्त गरेको छ । दुई स्वर्ण, सात रजत र तीन कास्य गरी कूल १२ पदक जितेको तालबेँसी मावि तृतीय भएको छ। द्वितीय र तृतीय विद्यालयले क्रमश : रु ११ हजार २५० र रु सात हजार पाँच प्राप्त गरेको छ।

विजेता विद्यार्थी तथा खेलाडीलाई नगर प्रमुख किसान गुरुङ, प्रमुख प्रशासकीय अधिकृत गङ्गालाल सुवेदी, नगर प्रवक्ता खिमबहादुर कुमाललगायतले पुरस्कार वितरण गर्नुभयो।

प्रतियोगितामा कूल २७ विधामा खेल भएका थिए । शुक्रबार शुरु भएको प्रतियोगितामा यहाँका १९ सामुदायिक र निजी विद्यालयले सहभागिता जनाएका थिए। नगर क्षेत्रमा २७ माध्यमिक तहसम्म पढाइ हुने सामुदायिक तथा निजी विद्यालय छन्। गत वर्ष भएको दोस्रो राष्ट्रपति रनिङशिल्ड हंशवाहिनी माविले जितेको थियो।

# दिल्लीमा कोभिड-१९ संक्रमण दर ०.६ प्रतिशत

**रासस**
**काठमाडौं, २ चैत**

भारतको संघीय राजधानी नयाँ दिल्लीमा कोभिड-१९ सङ्क्रमण दर ०.६ प्रतिशतमा झरेको दिल्लीका स्वास्थ्य मन्त्री सत्येन्द्र जैनले सोमबार बताउनुभएको छ।

उहाँले भन्नुभयो, दिल्लीमा कोभिड-१९ सङ्क्रमण पुष्टि भएका व्यक्तिको सङ्ख्या आइतबार ४०७ रहेकोमा आज त्समा पनि कमी आई ४०० भन्दा कम सङ्क्रमण पुष्टि भएको छ । यद्यपि दिल्लीको सङ्क्रमण दरमा कहिले ह्वात्तै माथि जाने र कहिले कम रहने गरेकोले अझै कोभिड-१९ विरूद्ध अपनाइएका सावधानीका उपायलाई केही समय निरन्तरता दिनुपर्ने हुनसक्छ।"

दिल्लीमा कुनै समय कोभिड-१९ सङ्क्रमितको दर करिब १५ प्रतिशत पुगेको थियो । विश्व स्वास्थ्य सङ्गठनका अनुसार सङ्क्रमण दरलाई पाँच प्रतिशतभन्दा तल राखिएका स्वास्थ्य प्रणालीले काम गर्ने बताएको छ। "दिल्लीमा सङ्क्रमण दर करिब दुई महिनादेखि दुई प्रतिशतभन्दा कम रहेको छ र यो अन्य मुलुकको तुलनामा सन्तोषजनक अवस्था हो," उहाँले सञ्चारकर्मीहरूसँगको कुराकानीमा बताउनुभयो । उहाँले थप्नुभयो, "राष्ट्रिय राजधानी दिल्लीमा कोभिड- १९ को सङ्क्रमण दर ०.६ मा झर्नु राज्य सरकारका लागि एउटा महत्वपूर्ण उपलब्धी हो। महाराष्ट्रमा कोभिड-१९ सङ्क्रमण दर १६ प्रतिशत रहेको छ भने गुजरातमा दिल्लीभन्दा तेब्बर बढी र पञ्जावमा छ गुणा बढी रहेको छ। पञ्जाबमा सकारात्मकताको दर छ गुणा पुगेको छ भने केरलाको सात गुणा र महाराष्ट्रको सङ्क्रमण दर दिल्लीको तुलनामा ३० गुणा बढी छ।" केन्द्रीय स्वास्थ्य मन्त्रालयका अनुसार दिल्लीमा हाल दुई हजार २६२ कोरोना भाइरसका सक्रिय सङ्क्रमित विरामी दुई हजार २६२ रहेका छन्। अहिलेसम्म दिल्लीमा कोभिड-१९ सङ्क्रमित छ लाख ३० हजार ४९३ व्यक्ति निको भई घर फर्किएका छन्।

यसैबीच, भारतमा गत २४ घण्टामा कोभिड-१९ सङ्क्रमित नयाँ विरामीको सङ्ख्या भेटिएका र उक्त अवधिमा १६ हजार ६३७ व्यक्ति निको भई घर फर्किएका केन्द्रीय स्वास्थ्य मन्त्रालयले उपलब्ध गराएको तथ्याङ्कमा उल्लेख छ । ताजा सङ्क्रमितको थप सङ्ख्यासँगै देशभर कूल सङ्क्रमितको सङ्ख्या एक करोड १३ लाख ५९ हजार ४८ पुगेको छ जसमध्ये एक करोड १० लाखको हाराहारीमा सङ्क्रमणमुक्त भएका छन् । पछिल्लो २४ घण्टामा कोभिड-१९ सङ्क्रमित १६१ को मृत्यु भएको र अहिलेसम्म यस महामारीका कारण एक लाख ५८ हजार ६०७ ले ज्यान गुमाएका भारतीय अधिकारीहरूले बताएका छन्।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

**हार्दिक समवेदना**



**जन्म:** वि. स. १९८८/११/१२ गते

**स्वर्गारोहण :** वि.स. २०७७/११/२० गते

**स्व: पं. शेषकान्त रेग्मी**

हाम्रा सहपाठी साथी यस श्री ज्ञानभूमि माध्यामिक मा.वि. पोखरा-३ नदीपुरका शिक्षिका श्रीमती जमुना आचार्य रेग्मीका ससुराबाबा **पं. शेषकान्त रेग्मी** को ८९ वर्षको उमेरमा भएको असामयिक दु:खद निधनले हामी विद्यालय परिवार अत्यन्त मर्माहत र स्तब्ध भएका छौं। यस दु:खद घडिको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारप्रति धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरुन भनि कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं।

**श्री ज्ञानभूमि माध्यामिक विद्यालय परिवार**

**पोखरा-३, नदीपुर**


प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
**उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**गण्डकी प्रदेश, पोखरा, नेपाल**

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति : २०७७/१२/०३)**

यस निर्देशनालयको लागि आवश्यक एल.ई.डि. डिजिटल डिस्प्ले वोर्ड खरिद तथा संचालन कार्य शिलबन्दी दरभाउपत्र माग गरी आपुर्ति गर्नुपर्ने भएको हुँदा इच्छुक आपुर्तिकर्ता फर्म/संस्था/कम्पनीहरुले दरभाउपत्र फाराममा उल्लेखित शर्तहरुको अधिनमा रही यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनसम्ममा कार्यालय समय भित्र रु. १,०००।-(अक्षरेपी एक हजार रुपैयाँमात्र, फिर्ता नहुने) तिरी दरभाउपत्र फाराम खरिद गरी १६ औं दिन दिनको १२:०० बजे भित्र शिलबन्दी दरभाउपत्र फाराम यस निर्देशनालयको (जिन्सी) शाखामा दर्ता गराई सक्नुहुन अनुरोध छ। दर्ता हुन आएका शिलबन्दी दरभाउपत्र फारामहरु सोही दिन दिनको २:०० बजे यस निर्देशनालयमा खोलिने छ । यस सूचनाको विस्तृत विवरण यस निर्देशनालयको वेवसाइट iccrpd.gandaki.gov.np मा राखिएको छ र निर्देशनालयको सूचना पाटीमा समेत टाँस गरिएको छ । यस सम्बन्धमा अन्य थप कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस निर्देशनालयको जिन्सी शाखामा सम्पर्क गर्नुहुन वा फोन नं. ०६१-४६७९५१ मा सम्पर्क गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**एल.ई.डि. डिजिटल डिस्प्ले वोर्ड खरिद तथा संचालन कार्य सम्बन्धी शिलबन्दी दरभाउपत्रदाताले पालन गर्नुपर्ने शर्तहरु :**

१. शिलबन्दी दरभाउपत्र फाराम बुझ्राउन इच्छुक फर्म, संस्था वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समयभित्र आफ्नो फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, नविकरण गर्नुपर्ने भएमा सो समेत गरेको ईजाजत पत्र वा व्यवसाय दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, २०७७ साल आषाढ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा कर विवरणको प्रतिलिपिका साथ फाराम खरिदको आवेदन सहित यस मन्त्रालयको लेखा शाखामा रु. १०००/- (एक हजार) फिर्ता नहुने गरी बुझ्राएको सक्कल रसिद संलग्न गरी यस निर्देशनालयको जिन्सी शाखाबाट शिलबन्दी दरभाउपत्र फाराम प्राप्त गर्न सकिनेछ।

२. शिलबन्दी दरभाउपत्र साथ राष्ट्रिय वाणिज्य बैंक, पृथ्विचोक शाखामा रहेको यस निर्देशनालयको कार्यालय कोड ३०७०१३९०१४ र प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश, पोखराको धरौटी खाता नं. ३०२०५०२०००००० मा बिड बण्ड वापत रु. ५५,५००।- (अक्षरेपी पच्पन्न हजार पाँच सय रुपैयाँ मात्र) रकम जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको यस निर्देशनालयको नाममा कुनै वाणिज्य बैंकले जारी गरेको शिलबन्दी दरभाउपत्र फाराम बुझ्राउने अन्तिम मितिले कम्तीमा ९० दिन मान्य अवधिको बैंक जमानत संलग्न हुनु पर्नेछ।

३. शिलबन्दी दरभाउपत्र पेश गर्दा दरभाउपत्र फाराम साथ फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, नविकरण गर्नु पर्ने भएमा सो समेत गरेको व्यवसाय दर्ता प्रमाण पत्र, आयकर दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, २०७७ साल असार सम्मको कर चुक्ता भएको प्रमाण पत्र वा कर बुझ्राएको प्रमाण, म्याद थप भएकोमा सो को प्रमाण लगायत अन्य सम्बन्धित प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपिको साथै दरभाउपत्र सम्बन्धी सबै कागजातमा आधिकारिक व्यक्तिको दस्तखत र फर्म, संस्था, वा कम्पनीको छाप लगाएको हुनुपर्नेछ।

४. कुनै फर्म, संस्था वा कम्पनिको नाममा खरिद भएको दरभाउपत्र फाराम अर्को फर्म, संस्था वा कम्पनीको नाममा पेश गर्न पाइने छैन।

५. दरभाउपत्र फाराम बुझ्राउदा शिलबन्दी गरी खाम बाहिर "एल.ई.डि. डिजिटल डिस्प्ले वोर्ड खरिद तथा संचालन कार्य शिलबन्दी दरभाउपत्र, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, गण्डकी प्रदेश, पोखरा" भनी स्पष्ट उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२.०० बजेसम्ममा यस निर्देशनालयमा दर्ता गराई सक्नु पर्नेछ।

६. तोकिएको मिति र समयभित्र दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु १६ औं दिन दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा निर्देशनालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन। फाराम दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसपछिको कार्यालय खुल्ने दिन सोही समय र स्थानमा उक्त कार्य गरिनेछ।

७. दरभाउपत्र फाराममा उल्लेख गरिएको प्रत्येक आइटमको मूल्य अभिवृद्धि कर बाहेकको दररेट अंक र अक्षरमा प्रष्ट रुपमा भर्नु पर्नेछ। उल्लेखित रकममा अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

८. शिलबन्दी दरभाउपत्र फाराममा दरभाउपत्र दिनेको सहीछाप नभएको, लेख्नु पर्ने विवरण छुटेको, प्रष्ट नभएको, म्याद नाघी आएको, रित नपुगेको, प्रत्येक आइटमको दर उल्लेख नगरेको, शर्त राखी प्राप्त भएको दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन वा खरिद प्रक्रियामा समावेश गराइने छैन।

९. दरभाउपत्र फाराममा उल्लेखित सामानहरु निर्देशनालयको आवश्यकता अनुसार घटी वा वढी एकै पटक वा पटक पटक गरी खरिद गर्न सकिनेछ।

१०. प्राप्त भएका शिलबन्दी दरभाउपत्रहरु स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस निर्देशनालयमा सुरक्षित रहनेछ।

११. स्वीकृत दरभाउपत्रदाताले दरभाउपत्र स्वीकृत भएको सूचना पाएको ७ (सात) दिन भित्र नियमानुसार हुने जमानत वापतको रकम राष्ट्रिय वाणिज्य बैंक, पृथ्विचोक शाखामा रहेको यस निर्देशनालयको कार्यालय कोड ३०७०१३९०१४ र प्रदेश लेखा नियन्त्रक कार्यालय, गण्डकी प्रदेश, पोखराको धरौटी खाता नं. ३०२०५०२०००००० मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको यस निर्देशनालयको नाममा जारी गरेको (कम्तीमा एक वर्ष अवधिको) कार्य सम्पादन जमानत (परफरमेन्स ग्यारेन्टी) पेश गर्नुपर्नेछ।

१२. दरभाउपत्रको प्रत्येक पानामा दरभाउपत्र दाता फर्म/संस्था/कम्पनीको छाप र सही गरेको हुनुपर्नेछ।

१३. दरभाउपत्रमा उल्लेख भएका कुनै आइटम मात्र (आंशिक स्वीकृत) वा पुरै स्वीकृत गर्ने अधिकार यस निर्देशनालयमा रहनेछ।

१४. शिलबन्दी दरभाउपत्रको मान्य अवधि ४५ दिनको हुनेछ।

१५. शिलबन्दी दरभाउपत्रको मुल्याङ्कन न्युन लागत विधि बमोजिम हुनेछ।

१६. प्रचलित ऐन नियमानुसार बुझ्राउनु पर्ने कर, शुल्क महशुल वा अन्य यस्तै भुक्तानी गर्नु पर्ने सबै दायित्व स्वीकृत दरभाउपत्रदाताको हुनेछ। प्रचलित ऐन, नियम अनुसार अग्रिम रुपमा कट्टी गर्नुपर्ने करहरु भुक्तानी गर्ने समयमा कट्टा गरिनेछ।

१७. दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फाराम र करारनामा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

१८. यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र अन्य प्रचलित ऐन, नियमअनुसार हुनेछ।